जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ०८ पृष्ठः ४ | २०८२ बैशाख १२ गते शुक्रबार (Friday 25 April 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जसपा नेपालको सिरहा जिल्ला अध्यक्षमा पुनः अशोक यादव चयन



**सितल साह**

सिरहा, ११ वैशाख। जनता समाजवादी पार्टी, नेपाल (जसपा) सिरहा जिल्ला कार्यसमितिको नेतृत्वमा पुनः अशोक कुमार यादव चयन भएका छन्। बुधवार रातिसम्म सहमतिका लागि प्रयास भए पनि निष्कर्षमा पुग्न नसकेपछि बिहीवार बिहानबाट मतदान प्रक्रिया सुरु गर्ने तयारी गरिएको थियो। तर अन्तिम समयमा शीर्ष नेताहरूको विशेष पहलमा सहमति जुट्न सफल भएसँगै निर्वाचन प्रक्रिया रोकी अशोक यादवलाई सर्वसम्मत रूपमा अध्यक्ष चयन गरिएको हो। अध्यक्ष पदका लागि लहान नगरपालिकाका उप-प्रमुख रामचलिचर महतो, रामदयाल यादव र अशोक यादवबीच प्रतिस्पर्धा हुने तयारी भए पनि अन्ततः सबैको सहमतिमा अशोक यादवको नाममा टुंगो लागेको हो। सहमतिको प्रक्रियामा झण्डै चार दिन लागेको र अन्त्यमा सबैको स्वीकार्यताको आधारमा यादवलाई पुनः नेतृत्व सुम्पिएको एक नेताले जानकारी दिए।

अध्यक्ष अशोक यादवको नेतृत्वमा ७६ सदस्यीय जिल्ला समिति सर्वसम्मत रूपमा गठन गरिएको छ। जसमा उपाध्यक्षमा बरियारपट्टीका लालबहादुर साह र कल्याणपुरका अशोककुमार मण्डल चयन भएका छन्। सचिवमा गोलबजारका बिन्द कुमार मण्डल, उपसचिवमा लहानका दिनेश कुमार महतो र भगवानपुरका इन्दलकुमार मण्डल रहेका छन्। यस्तै, कोषाध्यक्षमा कर्जन्हाकी लक्ष्मीकुमारी श्रेष्ठ सर्वसम्मत रूपमा चयन भएकी छन्।

पार्टीभित्रको आन्तरिक सहमति, समावेशिता र लोकतान्त्रिक मूल्यको अभ्यासस्वरूप सहमतिमा टुंगो लाग्नु सकारात्मक पक्ष भएको भन्दै नेताहरूले यो समितिको नेतृत्वमा जिल्ला भित्र संगठन विस्तार, सुदृढीकरण र जनसमस्यामाथि केन्द्रित राजनीति अघि बढाउने प्रतिबद्धता जनाएका छन्। सर्वसम्मति बन्नु कार्यकर्ताको एकताको प्रतीक भएको बताउँदै धेरैले खुसी व्यक्त गरेका छन्।

## माँ धमनी डेरी उद्योगको गोदाममा प्रहरीको छापा



सिरहा, ११ बैशाख। सिरहाको गोलबजार-४ स्थित रहेको माँ धमनी डेरि उद्योगमा विहीबार साझ प्रहरिले छापा मारेको छ। भारतबाट तस्करी गरी ल्याएर गोदाममा सामानहरू भण्डारण गरिएर राखिएको गोप्य सुचना आएपछि जिल्ला प्रहरी कार्यालय सिरहा र भन्सार कार्यालय मांडरबाट खटिएको संयुक्त टोलिले छापा मारेको हो। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी निरीक्षक धर्मेश कुमार यादबको कमान्डमा खटिएको सशत्र प्रहरी-मांडर, सशस्त्र प्रहरी गोलबजार, नेपाल प्रहरी गोलबजार र भन्सारका कर्मचारीहरुको संयुक्त टोलिले गोदाममा छापा मारेका थिए।

प्रहरी निरिक्षक यादबका अनुसार गोदामभित्र भारतबाट अवैध रूपमा ल्याइएका पाउडर दूध, चिनी,मैदा लगायतका खाद्यान्न वस्तुहरू भण्डारण गरिएको अवस्थामा फेला परेको छ। छापा मार्ने क्रममा स्थानिय ब्यापारी र प्रहरीबीच भनाभन भएपछि अवस्था उद्विग्न बनेको थियो। त्यसपछी प्रहरी र भन्सारका कर्मचारीको टोलीले गोदाम सिल गरेर फर्किएको जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता तथा डिएसपी बिरेन्द्र कुमार पासवानले बताए। बरामद

-बाँकी तीन पेजमा

## ट्याक्टर दुर्घटनामा एकको मृत्यु

सप्तरी, ११ वैशाख। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा बिहीबार ट्याक्टर पल्टिदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। नगरपालिकाको वडा नम्बर १४ रम्पुरा मल्हिनियाँमा स. १ त. ५०८३ नम्बरको ट्याक्टर पल्टिदा सोही वडा निवासी जितेन्द्र यादवको मृत्यु भएको हो। टाउको र ढाडमा चोट लागेर गम्भीर घाइते भएका २१ वर्षीय यादवलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराजमा भर्ना गरिएकोमा उपचारकै क्रममा उहाँको मृत्यु भएको प्रहरी नयाब उपरीक्षक जितिन्द्रकुमार बस्नेतले

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सांस्कृतिक सम्पदासब के संरक्षण कइलजाव, पर्यटन के प्रवर्धन कइलजाव**

मधेश प्रदेश में विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदासब बाटे। ओइसन स्थलसब गौरव मात्रे ना होके आर्थिक समृद्धि के स्रोत भि ह। एकर संरक्षण आ सम्वर्धन कइल हमनी सब केह के दायित्व ह। ओहिसे धार्मिक तथा पर्यटकीय स्थलसब में फुहर मत करीं।
ऐतिहासिक तथा दुर्लभ सम्पदासब के क्षति से बँचाबेला सजग रहीं। स्थानीय कला, हस्तकला आ परम्परागत उत्पादन के प्रवर्धन कइलजाओ। हमनी के प्रदेश के स्थलसब में आबेवाला पर्यटकसब सँगे मैत्रीपूर्ण व्यवहार करीं। पर्यटक हमनी के मेहमान हउवन्। स्वागत सत्कार एवम् सुमधुर व्यवहार कइलजाओ।

मधेश प्रदेश सरकार
**आमसञ्चार प्राधिकरण**

**जन्म दर्ता आवश्यक कागजात**

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड,
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# प्रतिगमनको दिवास्वप्न नदेख !

वैशाख ११ गते, तत्कालीन राजा ज्ञानेन्द्र शाहको अधिनायकवादी शासनविरुद्ध भएको जनआन्दोलन (२०६२/६२) उत्कर्षमा पुगेपछि जनताले जितेको दिन। यसैले बैशाख ११ लाई नेपालीले 'लोकतन्त्र दिवस'का रूपमा मनाउने गरेका छन्। वैशाख ११ पनि यसो त २००७ फागुन ७ र २०४६ साल चैत २६ कै निरन्तरता हो। तर, विगतमा अधिनायकवादी शासक र क्रान्तिकारी जनताबीच सम्झौता गर्दै आन्दोलन टुंग्याइने गरेकाले आमूल परिवर्तन हुनसकेको थिएन। विसं २०६२र६३ को आन्दोलनमा भने जनताले सम्झौता गर्न दिएनन्। आन्दोलनमा संलग्न राजनीतिक दलका नेतामाथि परेको जनदबाबकै कारण २०६३ वैशाख ८ गतेको राजाको घोषणा अस्वीकार गरिएपछि मात्र वैशाख ११ गतेको घोषणा भएको हो।

वैशाख ११ शक्तिमा प्रतिनिधि सभा पुनःस्थापना, शान्ति सम्झौता, अन्तरिम संविधान, संविधान सभाको निर्वाचन सम्भव भएको थियो। संविधान सभाले अन्ततः नेपालको संविधान, २०७२ पारित गरेर नेपाललाई 'संघीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गऱ्यो। जनआन्दोलनका बलमा देशमा लोकतन्त्र पुनःस्थापना भएको करिब दुई दशक पुग्न थालेको छ। यसबीच संविधान निर्माणमा केही अलमल देखिएको भए पनि लोकतन्त्रको मूल मार्ग अवरुद्ध भएको छैन। जनताले निर्धक्कसँग लोकतान्त्रिक प्रक्रियाको अभ्यास गरेका छन्।

यसबीच जनआकांक्षा र राजनीतिक दलका नेताहरू तथा राज्यको प्रस्तुतिबीच संगति कायम हुन नसक्दा जनतामा असन्तुष्टि बढेको छ। सायद, जनतामा सरकार र राजनीतिक दलका नेताप्रति बढेको यही असन्तोषलाई लोकतन्त्र विरोधीहरूले 'व्यवस्थाप्रतिको वितृष्णा' ठानेका हुन्। देशमा अपेक्षित गति र दिशामा आर्थिक, सामाजिक उन्नति हुन नसकेकै हो। तर, देशलाई अधिनायकवादतिर फर्काउन चाहनेहरूले भनेजस्तो दुर्गति भने भएको छैन। आर्थिक तथा समाजिक विकासका सूचकांकका साथै भौतिक पूर्वाधारको विकास हेर्दा नेपालले यसबीच गरेको उन्नति स्पष्ट देखिन्छ।

रोजगार, अध्ययन तथा बसाईंसराइका लागि विदेशिने युवाको सङ्ख्या देखाएर देश रित्तिएको वा बर्बाद भएको भन्दै सामाजिक सञ्जालमा बनाइने 'भाष्य' जनसाधारणलाई भ्रममा पार्ने दुष्प्रयासमात्र हो। वैदेशिक रोजगारीले देशको गरिबी निवारणमा उल्लेख्य योगदान गरेको छ। नेपालका लागि आवश्यक युवा जनशक्तिको अभाव भएको छैन। विसं २०४६ सालपछि देशको शिक्षा, चिकित्सा तथा आर्थिक क्षेत्रमा भएको प्रगति हेर्नें हो भने पनि नेपालले फड्को मारेको देखिन्छ। यस्तै, भौतिक पूर्वाधार विशेषगरी सडक, विद्युत्, सञ्चारजस्ता क्षेत्रमा तुलनै गर्न मिल्दैन। लोकतन्त्र स्थापनापछि 'गाउँहरू रित्तिए' भन्दै ललरी गाउनेहरू ती गाउँले थप सुविधा सम्पन्न बेसीका नगरहरूमा सरेका कुरा बिर्से झैँ गर्छन्। विडम्बना, देश बर्बाद भएको ललरी गाउनेहरूमा प्रायः आफैँ गाउँ वा देश छाडेर हिँड्ने वा आफन्तलाई पठाउनेहरूकै सङ्ख्या धेरै देखिन्छ।

अर्थात्, भनेजति वा खोजेको जस्तो उन्नति हुन नसकेको मात्रै हो नेपाल गलत दिशामा गएको छैन। शासनका अवयव र अभ्यासमा रहेका सामन्ती संस्कारको अन्त्यसँगै विकासको गति पनि तीव्रतर हुने निश्चितै छ। यसैले नेपालीहरू निराश हुनु पर्दैन। लोकतन्त्रले समाजमा जरो गाड्दै गएको देखेर आत्तिएकाहरू छटपटिँदै गरुन्। पानी धमिल्याएर माछा मार्न खोज्नेहरूले सपनामा ढडिया थाप्दै गरून्। अझ सुदृढ र व्यापक लोकतान्त्रिक अभ्यासको क्रममा रहेको नेपाली समाज पछाडि फर्कने छैन।

# १९औं लोकतन्त्र दिवस : दुई दशकमा महत्वपूर्ण उपलब्धि, तर निराशा कायमै



काठमाडौं, ११ बैशाख। विहिबार १९औं लोकतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाईदैछ। २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहले आन्दोलनरत दलहरुको मार्गचित्र बमोजिम २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनर्स्थापना गरेकाले नागरिकको जीत भएको खुशीयालीमा २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो। २०६१ साल माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन नेकपा माओवादीबीच १२ बुँदे समझदारी भएको थियो। २०६२ साल मङ्सिरमा १२ बुँदे समझदारी भएपछि जनआन्दोलनले गति लिएको थियो।

आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा ज्ञानेन्द्र शाहले वैशाख ११ गते राति संसद पुनर्स्थापनाको घोषणा गर्नुभयो। २०६३ जेठ ४ गतेको संसद्ले राजाको अधिकार कटौती गर्न सफल भयो। बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभाको चुनाव गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो। यसैको जगमा वि.सं २०६४ चैत २८ गते पहिलो संविधानसभा चुनाव भयो। संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत अन्त्य गऱ्यो। २०७० मङ्सिर ४ गते दोस्रो संविधानसभा चुनावबाट निर्वाचित सभाले २०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गरेको थियो। अहिले तीन तहका सरकार क्रियाशील छन्। संघीय, प्रादेशिक र पालिका सरकारले शासन सञ्चालन गरेका छन्। लोकतन्त्रपछिको दुई दशकमा राजनीतिक, सामाजिक, आर्थिकलगायतका क्षेत्रमा आमूल परिवर्तन भएको छ। यो परिवर्तनको मुख्य जग वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रुपमा मनाउने गरिएको छ। तर लोकतन्त्रको उपलब्धि महत्त्वपूर्ण रहे पनि नागरिकमा निराशा र असन्तुष्टि कायमै छ। दलहरु नागरिकको समस्या समाधानमा भन्दा पनि सत्ता स्वार्थमा केन्द्रित भएको आरोप लाग्दै आएको छ। तर लोकतन्त्रको विकल्प लोकतन्त्र नै भएकाले विकास र सुशासनमा ध्यान दिँदै अवस्था सुधारको लागि केन्द्रित हुन दलहरुलाई नागरिकले आग्रह गर्दै आएका छन्।

# सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर थापासहित ६ जनाविरुद्ध वन मुद्दा दायर

काठमाडौं, ११ बैशाख। सर्लाहीमा रहेको डिभिजन वन कार्यालयले बागमती नगरपालिकाका निलम्बित मेयर भरत थापासहित ६ जनाविरुद्ध वन मुद्दा दर्ता गरेको छ। सागरनाथ वनको जग्गा अतिक्रमण गरी निजी ताल निर्माण गरेको अभियोगमा जिल्ला अदालत मलंगवामा मुद्दा दायर गरेको सहायक वन अधिकृत रामप्रवेश शाहले जानकारी दिए। उनका अनुसार निलम्बित मेयर थापासहित उपमेयर लीलाकुमारी मोक्तान, तत्कालीन जिल्ला समन्वय समिति प्रमुख मिथुर चौधरी, नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखेल, लेखा अधिकृत विश्वराज पोखेल र नगरपालिकाका तत्कालिन इन्जिनियर सागर पौडेलविरुद्ध मुद्दा दर्ता भएको छ। उनीहरूसँग एक अर्ब ४९ करोड ३९ लाख ४३ हजार तीन सय ३७ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको शाहले जानकारी दिए।

बागमती नगरपालिका वडा नम्बर ४ र १२ मा पर्ने सागरनाथ वन विकास परियोजनाको स्वामित्वमा रहेको जग्गा नगरपालिकाका कर्मचारी र पदाधिकारीको मिलेमतोमा निजी ताल निर्माण गर्न स्वीकृति दिएको अभियोगपत्रमा उल्लेख छ। गैरकानूनी रूपमा ताल निर्माण गरेको अभियोगमै २०८१ साल जेठ २९ गते निलम्बित मेयर थापा र उपमेयर मोक्तानसहितलाई प्रतिवादी बनाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको भ्रष्टाचार मुद्दा विचाराधीन छ। थापा पालिका चुनावमा नेकपा ( माओवादी केन्द्र) बाट मेयरमा निर्वाचित भएको थियो।

# रौतहटमा एकै दिनमा १५ जना फरार प्रतिवादी पक्राउ

रौतहट, ११ भदौ। जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरूले एकै दिनमा १५ जना प्रतिवादीलाई पक्राउ गरेको छ फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत बुधवार प्रहरीले १५ जनालाई जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरिएको हो। जिल्ला अदालत रौतहटबाट दोषी ठहर भई दण्ड सजाय तोकिएर फरार रहेका उनीहरूलाई फैसला कार्यान्वयन अन्तर्गत पक्राउ गरिएको जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताए। पक्राउ पर्नेमा कुटपिट मुद्दाका विकास कुमार साह कलवार, मुन्ना भन्ने सरोज साह कलवार, शोभा देवी, लालवति देवी, नागरिकता मुद्दामा गेनालाल साह, किर्ते जालसाजी मुद्दामा असर्फी प्रसाद साह, सरस्वती देवी, बन पैदावार हानी नोक्सानी मुद्दामा सिताराम राय रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन्।

त्यसैगरी अन्य पक्राउ पर्नेहरूमा बहुविवाह मुद्दाका गणेश खड्का, जालसाजी मुद्दामा रामकिशोर मुखिया, बन मुद्दामा कृष्ण कुमार साह, अभद्र व्यवहार मुद्दाका उमाकान्त राय यादव, देव कुमारी यादवनी, धिरज पटेल, रिना देवी लगायत रहेको प्रवक्ता रायले जानकारी दिएका छन्। पक्राउ प्रतिवादीहरूबाट कुल ५ वर्ष,५ महिना १५ दिन कैद र १ लाख २० हजार,२९३ रुपैयाँ जरिवाना असुलका लागी बुधवार जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको जिल्ला प्रहरी रौतहटको सूचनामा उल्लेख गरिएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले सञ्चालन गरेको फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत यस आर्थिक वर्षमा हालसम्म १ हजार भन्दा बढी मानिस पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# बर्खायामको इन्धन 'गुइँठा' को जोहो हिउँदमै

महोत्तरी, ११ बैशाख। महोत्तरीका ग्रामीण क्षेत्रमा खाना पकाउने इन्धनका लागि 'गुइँठा' को जोहो गर्न थालिएको छ। जिल्लाका बजार र सहरी क्षेत्रमा खाना पकाउन ग्यास चुल्होको प्रयोग बढ्दै गए पनि ग्रामीण भेगमा अझै 'गुइँठा' कै भर पर्ने गृहिणी बर्खायामका लागि भन्दै यसको जोहो गर्न लागेका हुन्। बर्खाको समय सुरु हुन केही महिना बाँकी छ तर यहाँ भने अहिलेदेखि नै गुइँठाको व्यवस्थापन गर्ने गरिनछ। हिउँदभरि सडक किनार र चरन क्षेत्रका चउर चाहर्दै गोबर सङ्कलन गर्नु यहाँका ग्रामीण महिलाको नियमित तालिका नै



हो। गाईवस्तु पाल्नेले आफ्नै गोठको र नपाल्नेले चरन क्षेत्रबाट बटुलेर ल्याएको गोबरबाट खाना पकाउने दाउरा प्रयोजनका लागि 'गुइँठा' बनाउँछन्। हिउँदमा बनाइएका 'गुइँठा' वैशाख लागेपछि बर्खाकालका लागि सुरक्षित साथ राख्ने यहाँको चलन हो। हाल यहाँ सो कार्य भइरहेको छ।

हिउँदमा गोबर पथारेर विभिन्न आकारका 'गुइँठा' बनाइन्छन्। यसबाट 'चिपरी' र 'गोरहा' बनाइन्छन्। घरका भित्तामा पथारेर सुकाइएर बनाइएका गोबरलाई 'चिपरी' भनिन्छन्। यसैगरी, गोबर पथारेर त्यसभित्र ससाना भिक्रा वा पराल राखी डोल्याएर सुकाइने 'गोरहा' र यी दुवैलाई दुवैलाई 'गुइँठा' भनिन्छ। जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तह छन्। नगर क्षेत्रका भित्री बस्ती पनि 'गुइँठा' को प्रयोग भइरहेकै छ। बर्खाकालमा खेतबारीका झिक्राझिक्री भिजेर नबल्ने हुँदा गृहिणी त्यस समयका लागि अहिलेदेखि नै 'गुइँठा' बनाएर राख्छन्। "खाना त पकाउनै पर्छ, बर्खामा दाउरा कहाँ खोज्नु ? त्यसैले अहिले नै यिनलाई जोगाएर राख्नु परेको हो", भंगाहा नगरपालिका–४ रामनगरकी पानवती

–बाँकी तीन पेजमा

# सिरहा नगरपालिका–१३ का वडाध्यक्ष सहित १२ जनाविरुद्ध पक्राउ पूर्जी

**विनाय आजाद**

सिरहा, ११ बैशाख। आपराधिक उपद्रव, आगजनी तथा लुटपाट सम्बन्धी कसुरमा सिरहा नगरपालिका-१३ का वडाध्यक्ष सचिन भन्ने सर्भेन्द्र साहसहित १२ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको महिना दिन बित्न लाग्यो। तर प्रहरीले पक्राउ गरेको छैन। उच्च अदालत, राजविराजको परमादेश अनुसार आपराधिक उपद्रव, आगजनी तथा लुटपाट सम्बन्धी कसुरमा उनीहरूविरुद्ध चैत १३ मा जिल्ला प्रहरी कार्यालय, सिरहामा मुद्दा दर्ता भएको थियो। तर, मुद्दा दर्ता भएको झन्डै एक महिना भए पनि प्रहरीले उनीहरूलाई पक्राउ गरेको छैन।

अदालतले चैत १७ गते नै वडाध्यक्ष साहसहित दुखी महतो, पञ्चलाल महतो, सोगारथ महतो, अमन महतो, रामदिनेश यादव, सतिश यादव, जीवछ महतो, सोभित महतो, खुशीलाल महतो, पाण्डव महतो, प्रकाश महतोविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो। सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्माले भने घटनाको अनुसन्धान भइरहेको र आवश्यकता बमोजिम कदम चालिने बताए। 'म आउनुअघि नै यो मुद्दा दर्ता भएको हो, प्रहरीले गर्नपर्ने काम गरिरहेको छ, अनुसन्धान हुँदैछ,' शर्माले कान्तिपुरसित भने, 'हामीले आवश्यकता बमोजिम कदम चालिहाल्छौं।'

सिरहा नगरपालिका-१३, फुलबरियाका ६६ वर्षीय रामसेवक भण्डारीले २०८० पुष २२ मा आफ्नो जग्गामा बार लगाउन खोज्दा उनीहरूले आफूसहित घरका सदस्यलाई दुर्व्यवहार गर्दै घरमा आगो लगाइदिएको, घरमा भएका सुनचाँदीसहितका सामान लुटपाट गरी ५० लाख रुपैयाँको क्षति पुऱ्याएको भन्दै उच्च अदालत राजविराजमा रिट निवेदन दिएका थिए। त्यसअघि घटनालगत्तै उनी जिल्ला प्रहरी कार्यालय, सिरहामा जाहेरी दर्ता गराउन गएका थिए। तर, पटकपटक गुहार्दा पनि प्रहरीले जाहेरी दर्ता नगरिदिएपछि उनी २०८१ असार २१ मा परमादेशका लागि रिट निवेदन लिएर उच्च पुगेका थिए। यो विवाद हुनुअघि पनि आफ्नो निजी जग्गामा बार लगाउन खोज्दा वडाध्यक्ष साहले पूर्वाग्रह राखेर अवरोध गरेको र त्यसपछि अदालतबाट आदेश ल्याएरै गर्दा पनि उनले हुल ल्याएर आफ्नो परिवारमाथि आक्रमण, घरमा आगजनी र लुटपाट गरेको भण्डारी सुनाउँछन्।

तर, राजनीतिक संरक्षणका कारण उनीहरूलाई अहिलेसम्म केही हुन नसकेको तथा पक्राउ पुर्जी जारी भए पनि प्रहरीले उनीहरूलाई पक्राउ गर्न आनाकानी गर्दै आएको भण्डारीको गुनासो छ। 'उनीहरूलाई ठूला नेताको संरक्षण छ, त्यसैले प्रहरीले आनाकानी गर्दै आएको छ,' उनले प्रश्न गरे, 'हामी त सामान्य मान्छे हौं, न्यायका लागि अब कसलाई गुहारौं?' कतिसम्म भने आफूमाथि पक्राउ पुर्जी जारी भए पनि वडाध्यक्ष साह पूर्वकानून मन्त्रीसमेत रहेका प्रतिनिधिसभा सांसद एवं एमाले नेता लिलानाथ श्रेष्ठ जिल्लामा हुँदा उनीसँगै सार्वजनिक कार्यक्रमहरूमा देखिने गरेका छन्। श्रेष्ठ नहुँदा पनि उनी खुलेआम छन्। तर प्रहरीले भने उनलाई पक्राउ गर्न चासो दिएको छैन।

प्रहरी स्रोतका अनुसार, वडाध्यक्षसहित यो मुद्दामा पक्राउ पुर्जी जारी भएकाहरूलाई पक्राउ नगर्नका लागि उनै सांसद श्रेष्ठ र सिरहाका मेयर नवीन कुमार यादवले दबाब दिँदै आएका छन्। 'सांसद र मेयरज्यूले पक्राउ गरे राम्रो हुन्न भन्दै आउनुभएको छ,' एक प्रहरीले भने, 'उहाँहरूले कानूनी कुरामा सहयोग गर्नुको साटो उल्टै पक्राउ गरे ठीक हुन्न भनेर धम्काउँदा स्वभाविक रूप गाह्रो भइहाल्छ।' यस विषयमा पूर्वमन्त्री एवं सांसद श्रेष्ठलाई 'फौजदारी मुद्दाका प्रतिवादीलाई कानूनमन्त्री भइसकेको मान्छेले संरक्षण गर्न मिल्छ ?' भन्ने प्रश्न गर्दा उनले आफूसँग कुरा गर्ने समय नरहेको प्रतिक्रिया दिए। 'कतिपय मुद्दा चल्ने र कतिपय नचल्ने खालका पनि हुन्छन्, कुनै कार्यक्रममा कोही मान्छे मसँगै देखिनु मेरो गलती होइन,' उनले भने, 'यस्तो विषयमा कुरा गर्ने समय मसँग छैन।'

सिरहाका मेयर यादवले भने यस विषयमा कुनै प्रतिक्रिया दिन चाहेनन्। वडाध्यक्ष साहसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन।

# पर्सामा दोहोरा नागरिकताका १ सय ३७ मुद्दा तीन दशकदेखि अनिर्णीत

**शंकर आचार्य**

पर्सा, ११ बैशाख। नेपाल–भारतबीच पारस्परिक कानुनी सहायता सन्धि अभावमा जिल्ला प्रशासन कार्यालय पर्सामा परेका दोहोरो नागरिकतासम्बन्धी १ सय ३७ मुद्दा तीन दशकदेखि अनिर्णीत छन्। भारतीय नागरिकहरुले नेपालको समेत नागरिकता लिएको सम्बन्धमा परेका उजुरीका आधारमा जिल्ला प्रशासन कार्यालयले ती मुद्दालाई आवश्यक अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई मुद्दाका मिसिल हस्तान्तरण गरेकामा प्रहरीले पनि ती मुद्दामा आवश्यक अनुसन्धान गरी निष्कर्ष निकाल्न सकेको छैन।

दुई देशबीच पारस्परिक कानुनी सहायता सन्धि नहुँदा आरोपित व्यक्तिहरु भारतीय हुन वा होइनन् तथा उनीहरुले दोहोरो नागरिकता लिएका छन् वा छैनन् भन्ने सम्बन्धमा नेपाल प्रहरीले भारतीय प्रहरीबाट औपचारिक रुपमा कुनै पनि सूचना वा जानकारी पाउन नसकेको पर्सा प्रहरीका प्रवक्ता डीएसपी किशोर लम्साल बताउँछन्। 'हामीले कतिपय यस्ता मुद्दामा प्रहरी प्रधान कार्यालय हुँदै गृह मन्त्रालय, कानुन मन्त्रालय र परराष्ट्र मन्त्रालयमार्फत भारतीय दूतावासलाई पत्राचार गरेका छौं,' उनले भने, 'तर भारतीय पक्षबाट औपचारिक रुपमा आरोपित भारतीय नागरिकबारे जानकारी आउँदैन।'

यस्तो अवस्थामा आफूहरु लाचार हुने गरेको लम्साल बताउँछन्। 'हामीले सिधै भारत गएर बुझ्ने कुरो भएन,' उनले भने, 'भारतीय सरकारी वेबसाइटहरुलाई हामीले आधिकारिक मान्न मिल्दैन।' यो मुद्दामा असीमित हदम्याद हुने भएकाले आरोपित व्यक्ति जहिले पनि कारबाहीको दायरामा आउन सक्ने उनले बताए। १ सय ३७ मुद्दामध्ये २०७७/०७८ मा मात्रै ६० वटा मुद्दा दर्ता भएको डीएसपी लम्साल बताउँछन्। पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल यस्ता मुद्दामा भारतीय दूतावासलाई सोध्दा जवाफ नआउने गरेको बताउँछन्। 'इन्टरनेटमा संवेदनशील कागजातका बारेमा जानकारी हुँदैन,' उनले भने, 'यस्तो अवस्थामा अनुसन्धान कार्य जटिल हुन्छ, भारत सरकारले आरोपित व्यक्ति भारतीय हो वा होइन भनिदिए सहज हुन्छ।'

भारतबाट आधिकारीक रुपमा जानकारी आइदिएको अवस्थामा आरोपित व्यक्तिले दोहोरो नागरिकता लिएको प्रमाणित भएर त्यस्तो नागरिकता बदर हुने र भारतीयलाई नागरिकता दिने अधिकृतलाई पनि कारबाहीको दायरामा ल्याइने प्रजिअ अर्याल बताउँछन्। यस्ता मुद्दामा जिल्ला प्रशासन कार्यालयले प्रारम्भिक छानबिन गरी जिल्ला प्रहरी कार्यालयलाई नै मुद्दा पठाउने गरिएको उनले बताए। 'अनुसन्धान प्रहरीले नै गर्ने भएकाले मुद्दाको मिसिल नै प्रहरीलाई जिम्मा लगाइन्छ,' उनले भने, 'नेपालीले दोहोरो नागरिकता लिएको पाइए जिल्लाबाटै बदर हुन्छ, तर भारतीयले नेपाली नागरिकता लिइएको पाइएको अवस्थामा केन्द्रले बदर गर्छ।'

वीरगन्जमा मधेश आन्दोलनपछि नागरिकता वितरण गर्दा थुप्रै भारतीयले नागरिकता लिएको गुनासो जनस्तरबाट आउने गरेको छ। कतिपय यस्ता व्यक्तिउपर छरछिमेक तथा व्यक्तिगत रुपमा कुनै विवाद भएका व्यक्तिहरुले उजुरी दिने गरेका छन्। तर थुप्रै दोहोरो नागरिकता लिएकाहरु अझै कारबाहीको दायरामा आउन नसकेको जनगुनासोसमेत रहेको छ।

# उच्च अदालतको इजलासमा दुई प्याकेट सिन्दुर र मुकुट कसले राख्यो?

**शंकर आचार्य**

पर्सा, ११ बैशाख। २ प्याकेट सिन्दुर र एउटा सामान्य मुकुट। दुवै वस्तु खासै महँगा र दुर्लभ पनि हैनन्। तर यी वस्तु अदालतका न्यायाधीशको टेबुलमा रहस्यमयी ढंगले राखिएपछि भने अनेक शंका उब्जायो। यस्तै घटना बुधबार वीरगन्जमा भयो। यहाँस्थित उच्च अदालत जनकपुरको अस्थायी इजलासमा भएको यो घटनाले सबैलाई अचम्मित बनायो। प्रहरीसम्म आएर घटनाबारे अनुसन्धान सुरु गर्नुपर्‍यो। तर प्रहरी पनि घटनाको चुरोसम्म पुग्न सकेको छैन। अदालतका मुख्य न्यायाधीश राजनप्रसाद भट्टराईको इजलासको टेबुलमा बिहान करीब ८ बजेर ४५ मिनेटदेखि ४६ मिनेटको बीचमा एक अपरिचित महिला प्रवेश गर्छिन्। ती महिलाले टेबुलमा २ प्याकेट सिन्दुर र एउटा सानो मुकुट राख्छिन्।

१ मिनेट पनि नलाग्ने गरी ती महिला इजलासबाट गायब हुन्छिन्। इजलासमा सीसीटीभी क्यामेरा जडान गरिँदैन। तर इजलास बाहिरको क्यामेरामा ती महिलाले यो काम गर्न एक मिनेट पनि नलगाएको देखिएको छ। अदालतका सूचना अधिकारी एवम् उप रजिष्ट्रार शम्भीकपुर साहले इजलास बस्नुअघि नै भएको यो घटनाले बुधबार बिहान इजलाससमेत प्रभावित भएको बताए। 'करिब १० बजे अदालतका कर्मचारी इजलासमा फाइल आदि राख्न जाँदा टेबुलमा सिन्दुर र मुकुट देखेपछि हामीले यसबारे चाल पायौं,' साहले भने, 'हामीले प्रहरीलाई खबर गर्‍यौं, प्रहरी आएर अनुसन्धान सुरु गरेको छ, हामीले उपलब्ध भएको सीसीटीभी क्यामेराको फुटेज पनि प्रहरीलाई दिएका छौं।'

सामान्यतया अदालत परिसरमा प्रहरीको उपस्थिति चौबिसै घण्टा हुन्छ। बिहान सरसफाइ प्रयोजनका लागि इजलास कक्ष खोल्ने गरिन्छ। साहले क्यामेरामा देखिएकी महिलालाई यसअघि अदालतका कुनै पनि कर्मचारीले नदेखेको बताएका छन्। 'हामीले सुरुमा ती महिलाको अदालतसँग कुनै सरोकार छ कि भनेर अनुसन्धान पनि गर्‍यौं,' उनले भने, 'तर कतैबाट पनि ती महिलाको अदालतसँगको सम्बन्ध देखिएन, न त कुनै मुद्दामा पक्ष विपक्ष वा तारेखमा उनी बसेकी छिन्।' मध्यान्ह करिब १२ बजेदेखि इजलासको नियमित कामकाज सुरु भएको उनले बताए। आफूहरुले प्रहरीलाई सम्पूर्ण सूचना दिएकाले बाँकी अनुसन्धान कार्य प्रहरीले गर्ने उनले बताए।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डिएसपी किशोर लम्सालले उच्च अदालतबाट घटना बारे सूचना आएपछि आफूले वडा प्रहरी कार्यालय श्रीपुरको टोली त्यहा पठाएर आवश्यक अनुसन्धान सुरु गरेको बताए। 'हामीले हेर्दा एउटी अपरिचित महिला इजलासमा प्रवेश गरेको देखिन्छ, तर उनलाई कसैले पनि चिनेको छैन,' लम्सालले भने, 'अदालतसँग उनको कुनै न कुनै सम्बन्ध हुन सक्छ, कुनै मुद्दाको पक्ष विपक्ष वा अरु कुनै महिला पनि हुन सक्छिन्।' ती महिला पक्राउ परेपछि मात्र सिन्दुर र मुकुटको रहस्य खुल्ने उनले बताए।

### *बर्खायामको ...*

दनुवार भन्छिन्, "अहिले जोगाइएन भने झमझम पानी परेका बेला दुःख पाइन्छ।"

'गुइँठा' बनाउन पैसा खर्च गर्नु नपर्ने र एकपटक सल्काएपछि आगो ननिभ्ने हुँदा खाना पकाउने प्रयोजनका लागि गृहिणीको रोजाइमा पर्ने गरेको छ। अझ गरिब बस्तीमा त ग्याससुल्हा र काठका दाउराको जोहो गर्न नसक्ने हुँदा 'गुइँठा' अनिवार्यजस्तै छ। त्यसैले यी बस्तीका गृहिणी कात्तिकदेखि चैतसम्म गोबर सङ्कलन गरेर 'चिपरी' र 'गोरहा' पथार्ने र तिनलाई राम्ररी सुकाउने इन्तजाम गर्छन्। 'चिपरी' घरगोठका भित्ताभरि पथारिन्छन्। सुक्दै गएपछि एक ठाउँमा थुपारिन्छ। 'गोरहा' भने पथारेर घाम लाग्ने ठाउँमा चाङ लगाएर सुकाइन्छ। यसरी वैशाख लागेपछि सुकेका 'चिपरी' र 'गोरहा' गोठको एकछेउ वा सानो छाप्रो बनाएर थन्क्याइन्छ। असारदेखि असोजसम्म त्यसको प्रयोग हुन्छ।

"खाने चामल, पीठो त बनिबुतोबाट पाइएला तर दाउराको धेरै समस्या पर्छ", औरही नगरपालिका–७ भोइलटिक्याकी भुट्टी सदा मुसहर भन्छिन्, "त्यसैले अहिलेदेखि नै पराले झुप्रामै गुइँठा राख्नु परेको हो।" 'गुइँठा' बर्सायाममा सहजताका लागि मात्रै होइन, यसमा पाकेका खानेकुरा स्वादिला हुने भएकाले पनि ग्रामीण बस्तीका साना किसान र कतिपय मध्यमवर्गीय परिवारको पनि रोजाइमा पर्ने गरेको छ। गौशाला–६ जमुनियाँकी रामपरी थारू इन्धनका लागि अन्य साधनको जोहो गर्न नसक्ने आर्थिक रूपमा विपन्नहरूका लागि गुइँठाले निकै राहत दिने गरेको बताउँछिन्।

बर्दिबास नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखा प्रमुख तथा वरिष्ठ स्वास्थ्य निरीक्षक सुरेश पासवान 'गुइँठा' मा पकाइएको खाना मौलिक स्वादको हुने र स्वस्थ्यकर पनि हुने भएकाले यो धेरैको रोजाइमा पर्ने गरेको बताउँछन्। यद्यपि यसको धुवाँ खाना पकाउने गृहिणीको स्वास्थ्यमा अत्यन्त प्रतिकूल हुनेहुँदा विशेष सतर्कता भने आवश्यक रहेको उनको भनाइ छ। "खासगरी ग्रामीण महिलामा श्वासप्रश्वासको समस्या धेरैजसो भान्साघरको धुवाँबाटै हुने गरेको पाइन्छ। आर्थिक अवस्थाले वैकल्पिक इन्धनको जोहो गर्न नसक्नेहरूका लागि 'गुइँठा'को प्रयोग अनिवार्य बाध्यता पनि हो। यसर्थ धेरै धुवाँ हुने गरी होइन, हावा ओहोरदोहोर हुने ठाउँमा खाना पकाउने र अन्य स्वास्थ्य सतर्कता अपनाउन जरुरी हुन्छ", वरिष्ठ स्वास्थ्य निरीक्षक पासवानको सुझाव छ।

महोत्तरीसहित मधेसका जिल्लामा धेरैजसो गोबर खाना पकाउने इन्धन प्रयोजनमा खपत हुने गरेको छ। यसले खेतीका लागि रासायनिक मलको निर्भरता बढाएको भंगाहा–४ रामनगरका ८० वर्षीय किसान दीपबहादुर फुयालको बुझाइ छ। "कम्पोष्ट मल बनाइने गोबर दाउरा बन्छ। कम्पोष्ट मल नभएपछि खेतबारी मलिलो हुन नसक्दा उत्पादन घट्दो छ। रासायनिक मलमा निर्भरता बढ्दो छ", उनले भने। इन्धनमा गोबरको विकल्प खोज्नैपर्ने फुयालसहितका पाका किसानको मत छ। "कम्पोष्ट मलको अभावमा जग्गामा उत्पादन घट्दो छ। सरकारले किसानलाई ग्यास चुलो जडान गर्न उत्प्रेरित गर्न र गरिब जनतासम्म वनउपज ( दाउरा) मा पहुँच दिन आवश्यक पर्छ", फुयालकै छिमेकी ८५ वर्षीय छविलाल दाहालले भने।

### *माँ धमनी...*

गरिएका सामानको यकिन विवरण र मूल्यांकन भने शुक्रबार मात्र सार्वजनिक गरिने डिएसपि पासवानले जनाए। शुक्रबार आन्तरिक राजस्व कार्यालय, लहानको टोलीले समेत स्थलगत अनुगमन गरी कानुनी प्रक्रिया अघि बढाउने तयारी भइरहेको प्रहरीले जान्कारी दिए।

### *ट्याक्टर दुर्घटनामा...*

जानकारी दिनुभयो।

माटो लोड गरेर रामपुरामल्हनिया आउँदै गरेको ट्याक्टर माटो खनेकै खाल्डोमा परि पल्टिदा जितेन्द्र गम्भीर घाइते हुनुभएको थियो। मृतकको शव पोस्टमार्टमका लागि स्थानिय गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। घटनामा सोही वडाका २० वर्षीय दिपेश यादव घाइते हुनुभएको छ। उहाँको उपचार भइरहेको छ भने अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

# अनुदानको रकम हत्याउन फर्जी क्याम्पस प्रमुख नियुक्त

विनय आजाद

सिरहा, ११ बैशाख। सिरहाको गोलबजारमा अवस्थित रामप्रताप रामप्रसाद तामाङ जनता बहुमुखी क्याम्पस विगत दस वर्षदेखि पूर्णकालीन प्रमुखविहीन छ। सरकारी शिक्षकसमेत रहेका किशोरकुमार साह गैरकानुनी रूपमा अस्थायी रूपमा क्याम्पस प्रमुख भएर काम गर्दै आएका छन्। धनगढीमाई नगरपालिका–११ स्थित तुलसीराम सत्यभामा डोटेल माध्यमिक विद्यालयका स्थायी शिक्षक रहेका साहलाई क्याम्पस सञ्चालक समितिले २०७१ माघ २३ मा तीन वर्षका लागि प्रमुखको रूपमा नियुक्त गरेको थियो। तर, करार अवधि सकिए पनि उनी अझै क्याम्पस प्रमुखमै कायम छन्। विश्वविद्यालय अनुदान आयोगले विद्यार्थी संख्याका आधारमा सामुदायिक क्याम्पसहरूलाई बर्सेनि अनुदान दिने गर्छ। त्यसका लागि भने पूर्णकालीन प्रमुख आवश्यक हुन्छ। तर, यो क्याम्पसमा पूर्णकालीन प्रमुख नहुँदा आयोगले निरन्तर अनुदान रकम घटाउँदै आएको थियो। आयोगले यसपालि भने अनुदान नै कट्टा गर्ने तयारी गरेको थियो।




पूर्णकालीन प्रमुख अनिवार्य हुने बाध्यकारी नियमका कारण अनुदान कट्टा हुने भएपछि चरम आर्थिक अनियमितताले विवादमा रहेको यो क्याम्पसबाट गोप्य रूपमा फर्जी प्रमुख खडा गरी आयोगमा पत्र पठाइएको खुलेको छ। संचारकर्मीले स्रोतबाट फेला पारेको उक्त पत्रमा '२०८१ कात्तिक २४ गतेदेखि लागू हुने गरी चार वर्षका लागि मनोजकुमार साहलाई पूर्णकालीन प्रमुखको जिम्मेवारी दिइएको' उल्लेख छ। अनुदान आयोगका वरिष्ठ सहायक शिवचन्द्र पटेलले पनि क्याम्पसबाट नयाँ प्रमुख नियुक्त गरिएको पत्र आएको पुष्टि गरे। क्याम्पसको पत्र २०८१ चैत १२ मा आयोगमा प्राप्त भएको उनले बताए। प्रमुख नियुक्त गरिएका मनोज साह यही क्याम्पसका अंग्रेजी शिक्षक हुन्। तर, आफू प्रमुख नियुक्त भएको कुरा उनी आफैंलाई थाहा छैन।

यस विषयमा आफूलाई केही थाहा नभएको र अहिले पनि क्याम्पस प्रमुख किशोर साह नै भएको उनले बताए। 'मलाई औपचारिक वा अनौपचारिक रूपमा केही जानकारी छैन,' उनले भने, 'अहिले पनि क्याम्पस प्रमुख किशोर साह नै हो।' यसरी अनुदान रकम हत्याउनकै लागि फर्जी रूपमा पूर्णकालीन प्रमुख खडा गर्ने काममा प्रमुख साहदेखि सञ्चालक समितिसम्मको संलग्नता देखिन्छ। सञ्चालक समितिका अध्यक्ष सूर्यमान तामाङले पनि अनुदानकै लागि मनोज साहलाई प्रमुख नियुक्त गरिएको स्वीकार गरे। 'क्याम्पस प्रमुख त किशोर साह नै हो, तर मनोजलाई अनुदानका लागि प्राविधिक कुरा मिलाउन प्रमुख नियुक्त गरिएको हो,' उनले भने, 'किशोरले नामकै नियुक्त गरेर पठाउनुपर्छ भनेपछि मैले सही गरिदिएको हुँ। कानुनी रूपमा मिल्छ कि मिल्दैन, थाहा भएन।'

यस विषयमा प्रमुख साहसँग प्रतिक्रिया लिन खोज्दा उनले फोनमा केही नबोल्ने बताएका छन्। 'अब के हो के होइन, मलाई थाहा छैन,' उनले भने, 'म फोनमा केही भन्न सक्दिनँ, भेटेरै कुरा गरौं।' मधेस प्रदेशसभा सदस्यसमेत रहेका क्याम्पस सञ्चालक समिति सदस्य मनोजकुमार सिंहले नयाँ प्रमुख नियुक्त गरिएको विषयमा आफूलाई जानकारी नभएको बताए। 'यसका लागि समितिको बैठक बस्नुपर्छ, तर बीचमा बैठक बसेको छैन,' उनले भने, 'म बसेको कुनै बैठकमा यस्तो निर्णय भएको छैन। म बुझ्दछु।' त्यस्तै, सञ्चालक समिति सदस्य एवं गोलबजार नगरपालिकाका नगरप्रमुख श्याम श्रेष्ठले पनि यस विषयमा आफूलाई जानकारी नभएको दाबी गरे। 'बुझेर जानकारी गराउँछु' भनेका उनी त्यसपछि पटक–पटक सम्पर्कमा आउन चाहेनन्।

सञ्चालक समितिका अर्का सदस्य चन्दर यादवले 'बैठकविनै प्रमुख फेरिएको सुन्दा म आश्चर्यचकित छु' भने। आफ्नो हस्ताक्षरसमेत किर्ते गरिएको हुन सक्ने भन्दै क्याम्पसमा सोधखोज गर्ने जनाए। यो क्याम्पसलाई हालका प्रमुख साह र सञ्चालक समितिका केही पदाधिकारीहरूले 'कमाइ खाने भाँडो' बनाएको आरोप समितिकै सदस्य रामचन्द्र महतोको छ। 'क्याम्पसलाई भ्रष्टाचारको अखडा बनाइएको छ,' उनले भने, 'प्रमुख र केही पदाधिकारीहरूले यसलाई कमाइ खाने भाँडो बनाएका छन्। म चाँडै राजीनामा बुझाउँछु।' प्रमुखले केही पदाधिकारीलाई आर्थिक प्रभावमा पारेर बर्सेनि एक करोडभन्दा बढी रकम हिनामिना गरेको र दस वर्षमा कम्तीमा दस करोड रुपैयाँ भ्रष्टाचार गरिएको उनको आरोप छ। 'म समितिमा रहँदा त्यहाँका धेरै कुरा बुझ्न पाएँ,' उनले भने, 'सुधारको प्रयास गरेँ, तर सकिनँ।'

# भारतको रक्सौलबाट आठ जना नेपाली किशोरको उद्धार



पर्सा, ११ वैशाख। पर्साको वीरगञ्ज नाकासँग जोडिएको भारतको रक्सौलबाट आठजना किशोरको उद्धार गरिएको छ। रक्सौलबाट मधेस प्रदेशका विभिन्न जिल्लाका आठजना किशोरको उद्धार गरी उनीहरूलाई आफन्तको जिम्मा लगाइएको हो। राम्रो तलबको प्रलोभन देखाई उनीहरूलाई एक नक्कली नेटवर्किङ कम्पनीमार्फत वन्धक बनाई तालिम दिइँदै गरेको अवस्थामा फेला पारिएको थियो। भारतीय प्रहरीले गत मार्च २९ मा उक्त स्थानमा छापा मार्दा आठजना किशोरसहित ५६८ जना व्यक्ति पक्राउ परेका थिए। उद्धार गरिएका किशोरहरूलाई रक्सौलस्थित दुईवटा निजी अपार्टमेन्टमा राखिएको थियो। वीनमेकर नामक नक्कली कम्पनीको नाममा उनीहरूलाई नेटवर्किङ व्यवसायको तालिम दिइँदै थियो।

प्रारम्भिक अनुसन्धानबाट ती किशोरहरू सबै १८ वर्षभन्दा कम उमेरका रहेका र प्रलोभनमा परी भारत पुगेको पुष्टि भएको हो। पक्राउ परेपछि उनीहरूलाई दिल्लीस्थित एक सुधार गृहमा राखिएको थियो। उनीहरूलाई किन इन्डिया संस्थाका प्रतिनिधि नवीन जोशी र राष्ट्रिय बाल अधिकार परिषद्, मधेस प्रदेशका प्रदेश समन्वय अधिकृत सञ्जीव महतोको सक्रियतामा उद्धार गरिएको हो। बिहीबार ती किशोरहरूलाई सुरक्षित रूपमा नेपाल फर्काई परिवारजनको जिम्मा लगाइएको छ। उनीहरूलाई झुटो आश्वासन दिएर योजनाबद्ध तरिकाले राखिएको किन इण्डियाका प्रतिनिधि जोशी बताउनु भयो।

उहाँले भन्नुभयो, "उनीहरूलाई झुटो आश्वासन दिएर यो कम्पनीमा यसरी अगाडि बढ्नुपर्छ, उनीहरूलाई धेरै कमाउनुपर्छ भनेर लालच देखाइएको थियो। दारी आउनुभन्दा गाडी आउनुपर्छ तिमीहरूसँग, मैले यसरी तीन करोड कमाएको छु, तिमीहरूले पनि तीन करोड कमाउनुपर्छ लगायतका प्रलोभनमा राखी योजना अनुसार उनीहरूलाई राखिएको थियो। परिवारलाई पनि थाहा दिइएको थिएन। परिवारसँग कुरा हुँदा त्यहाँ कुनै व्यक्तिले निगरानी गरिरहेको थियो।" कम्पनीका कर्मचारीहरूले चिनजानका साथीभाइलाई समेत राम्रो आम्दानी हुने भन्दै बोलाई त्यहाँ पुऱ्याउने कार्य गरिरहेको पाइएको छ। जोशीकाअनुसार उक्त कार्यमा संलग्न गिरोहविरुद्ध थप अनुसन्धान र कानूनी कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

# नवनियुक्त शिक्षामन्त्री पन्तद्वारा शपथ ग्रहण

काठमाडौं, ११ बैशाख। नवनियुक्त शिक्षामन्त्री रघुजी पन्तले शपथ लिनुभएको छ। राष्ट्रपति भवन शीतल निवासमा एक कार्यक्रमका बीच राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्री पन्तलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो। प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिशमा हिजो राष्ट्रपति पौडेलले पन्तलाई मन्त्री नियुक्त गर्नुभएको थियो। गएको सोमवार विद्या भट्टराईले शिक्षामन्त्री पदबाट राजीनामा दिनुभएको थियो। सामुदायिक विद्यालयका शिक्षकहरु तीन हप्ताभन्दा धेरै समयदेखि आन्दोलनरत रहेको बेला पन्त शिक्षामन्त्रीको जिम्मेवारीमा पुग्नुभएको छ। पन्त नेकपा एमालेका समानुपातिक सांसद हुनुहुन्छ।


## गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
**मधेश प्रदेश, नेपाल**

### विषयः सिंचाई बोरिङ्ग जडान सम्बन्धी सुचना।

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/११**

प्रस्तुत विषयमा गोलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गोलबजार सिरहाको आ. व. २०८१/०८२ को स्वीकृत संघीय सरकारको हस्तान्तरित कार्यक्रम अनुसार सिंचाई बोरिङ्ग जडान गोलबजार नगरपालिका–१० कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक समुह/कृषि सहकारी/समिति/कृषि उद्यमीहरुले तपसिल अनुसारको बोरिङ्ग जडानका लागि निम्नानुसारको आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोलबजार नगरपालिका कृषि विकास शाखामा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। यस विषयमा थप जानकार ीको लागि गोलबजार नगरपालिका कृषि विकास शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिलः**

| क्र.सं. | विवरण | कार्यालयले व्यहोर्ने खर्च प्रतिशत | लाभग्राहीले व्यहोर्ने खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | ४ ईन्च बोरिङ्ग जडान मोटरसहित | ८५% | १५% | गोलबजार न.पा.–१० क्षेत्रभित्र मात्र जडान गर्न मिल्नेछ। |

**आवश्यक कागजातहरुको सूचीः**

१) निवेदन –१ (निवेदन फर्मेट गोलबजार नगरपालिका कृषि विकास शाखाबाट निःशुल्क प्राप्त गर्न सकिनेछ)
२) वडा कार्यालयको सिफारिस–१
३) उद्यमी कृषकको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा कृषक समुह/कृषि सहकारी समितिको हकमा अध्यक्ष, सचिव, कोषाध्यक्षको नागरिकताको प्रतिलिपि
४) कृषक समुह/सहकारी/समिति कृषि उधमी तथा कृषि फर्महरुको हकमा संस्था दर्त, नवीकरण प्रमाण पत्र, स्थायी लेख नम्बर प्रमाण, कर चुक्ता प्रमाणको प्रतिलिपि
५) कृषक समुह/सहकारी/समितिको हकमा निर्णय प्रतिलिपि
६) बोरिङ्ग जडान हुने जग्गा कित्ताको नक्सा (बुलु प्रिन्ट / कम्प्यूटर प्रिन्ट)
७) बोरिङ्ग जडान हुने स्थानको न्एक अयमभ
८) कृषक समुह/सहकारी/समितिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अख्तियारी पत्र
९) प्रति बोरिङ्ग जंडानको लागि २ विगहा जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि

**हरिलाल पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)